स्थानीय सरकार
अपिहिमाल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला,
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या २०८३-०८४

(प्रशासन शाखा)

# पर्यटन उत्सव प्रायोजन वा सहप्रायोजनका लागि प्रस्ताव आव्हानको सूचना !

सूचना नं २८ प्रकाशित मिति २०८३।०६।२६

उपरोक्त सम्बन्धमा यस गाउँपालिकाको आयोजनामा मिति २०८३ कार्तिक १७ गतेदेखि १९ गतेसम्म (तीन दिन) "अपिहिमाल पर्यटन उत्सव" सञ्चालन हुन गईरहेकाले उक्त उत्सवलाई भव्य रूपमा सम्पन्न गर्नका लागि प्रायोजन (Sponsorship) वा सहप्रायोजन (Co-sponsorship) गर्न इच्छुक फर्म, संस्था, व्यक्ति वा निकायहरूबाट प्रस्ताव आह्वान गरिएको छ। उक्त उत्सवसँग सम्बन्धित शर्त तथा अवधारणापत्र यसै सूचनासँगै रहेकोले सो अवधारणापत्र अध्ययन गरी प्रायोजन वा सहप्रायोजन गर्न चाहने इच्छुक पक्षहरूले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो आधिकारिक प्रस्ताव यस अपिहिमाल गाउँपालिकाको कार्यालयमा आइपुग्ने गरी पेश गर्नुहुन यो सूचना मार्फत अनुरोध गरिन्छ।

पुनश्च/थप जानकारीः

प्रस्ताव पेश गर्ने अन्तिम मितिः सूचना प्रकाशित भएको मितिले १५औं दिनको कार्यालय समयभित्र।
प्रस्ताव पेश गर्ने स्थानः गाउँ कार्यपालिकाको कार्यालय (वा apihimaldarchula@gmail.com)
थप विवरणका लागिः कार्यालयको वेबसाइट वा सम्पर्क नम्बरमा सम्पर्क गर्न सकिनेछ।

२०८३/०६/२६

लोकेन्द्र बहादुर बिष्ट
प्रमुख प्रशासकीय अधिकृत

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय

# अपिहिमाल पर्यटन उत्सव आयोजना सम्बन्धी अवधारणा पत्र, २०८३

## १. कार्यक्रमको पृष्ठभूमिः

सुदूरपश्चिम प्रदेशको सबैभन्दा अग्लो हिमाल अपिहिमाल हो। अपिहिमाल बेसक्याम्पको पर्यटन प्रवर्द्धन गर्न गाउँपालिकाले विभिन्न कार्यक्रम आयोजना गर्दै आएको छ। नेपाल सरकार र अपिहिमाल गाउँपालिकाको साझेदारीमा सञ्चालित दिगो पर्यटन परियोजना मार्फत पनि अपिहिमालको पर्यटन प्रवर्द्धन गरिँदै आएको छ।

स्थानीय पर्यटन प्रवर्द्धनका लागि गाउँपालिकाले 'अपि भ्रमण सप्ताह' र 'अपिहिमाल भ्रमण वर्ष' जस्ता कार्यक्रम सम्पन्न गरिसकेको छ। अब अपिहिमालको पर्यटन प्रवर्द्धनलाई थप उचाइमा पुर्याउन एकीकृत कार्यक्रम आयोजना गर्नु आवश्यक देखिएको छ।

यसै सन्दर्भमा, खेल, स्वास्थ्य, सरसफाइ, योग-ध्यान, साहित्य तथा मनोरञ्जनलाई पर्यटन प्रवर्द्धनसँग एकीकृत रूपमा जोडेर कार्यक्रम गर्ने नीति गाउँपालिकाले चालु आर्थिक वर्षमा समावेश गरेको छ। चालु आर्थिक वर्षको नीति तथा कार्यक्रमको उद्देश्य परिपूर्ति गर्न 'अपिहिमाल पर्यटन उत्सव' आयोजना गर्ने सोचसहित यो अवधारणा पत्र तयार गरिएको हो।

## २. उद्देश्य

क. पदयात्रा, साहसिक खेल र साहित्यका माध्यमबाट अपिहिमाल बेस क्याम्प क्षेत्रको प्राकृतिक सौन्दर्यतालाई देश विदेशमा चिनाउने ।

ख. पर्यटनको गतिविधि बढाएर स्थानीय बासिन्दाहरुका लागि रोजगारी र आयआर्जनका अवसरहरु सिर्जना गरी ग्रामीण अर्थतन्त्र बलियो बनाउने ।

ग. स्थानीय कला, संस्कृति र उत्पादनको संरक्षण र प्रवर्द्धन गर्ने।

घ. जलवायु संवाद मार्फत जलवायु परिवर्तनको प्रभावबारे आम जनसमुदायको ध्यानाकर्षण गराउने।

## ३. कार्यक्रम संचालन हुने स्थानः

यो पर्यटन उत्सव अपिहिमाल गाउँपालिका वडा नं १ को अपिहिमाल बेस क्याम्प पिलकन्दमा आयोजना गरिनेछ । तर यससँग सम्बन्धित अन्य गतिविधिहरु अपिहिमाल गाउँपालिकाको अन्य क्षेत्रमा समेत आयोजना गरिनेछ ।

## ४. लाभान्वित क्षेत्रः

यो एकीकृत पर्यटन उत्सव कार्यक्रम भएकोले सबै क्षेत्र लाभान्वित हुनेछन् । स्थानीय नागरिक, आन्तरिक तथा बाह्य पर्यटक, स्थानीय व्यवसायी, खेलप्रेमी, कलाकार, साहित्य प्रेमी, तिर्थालु, विरामी र अन्य व्यापारीहरु यो कार्यक्रमबाट लाभान्वित हुनेछन् ।

लोकेन्द्र बहादुर बिष्ट
प्रमुख प्रशासकीय अधिकृत

५. कार्यक्रमका मुख्य आकर्षण तथा गतिविधिहरू

क. **मैत्रीपूर्ण खेलः** हिमाली क्षेत्रमा खेलकुद पर्यटन (Sports Tourism) प्रवर्द्धनका लागि स्थानीय तथा आमन्त्रित टोलीहरू बीच मैत्रीपूर्ण क्रिकेट, भलिवल र अन्य आमन्त्रितहरुले इच्छा गरेको खेल आयोजना गरिने छ ।

ख. **सांस्कृतिक झाँकी तथा कलाकारको प्रस्तुतिः** सुदूरपश्चिमको मौलिक संस्कृति (देउडा, चाहाई र छलिया नृत्य आदि) को प्रदर्शन तथा राष्ट्रिय र स्थानीय चर्चित कलाकारहरूको सांगीतिक प्रस्तुति गरिनेछ ।

ग. **जलवायु संवाद (अन्तरक्रिया)ः** वातावरण संरक्षण, जलवायु परिवर्तनको असर र दिगो पर्यटन विकास विषयमा विज्ञ, जनप्रतिनिधि र स्थानीय बीच विचार-विमर्श ।

घ. **स्थानीय उत्पादन तथा परिकारको स्टलः** अपिहिमालका प्राङ्गारिक (Organic) उत्पादनहरू, जडीबुटी, हस्तकला तथा परम्परागत खानपानका परिकारहरूको बजारीकरण स्टल राखिने छ । स्टल अपिहिमाल बेस क्याम्प जाने पदमार्गको मकरीगाड देखि बेसक्याम्पसम्मको विभिन्न स्थानमा राख्न सकिनेछ ।

ङ. **निःशुल्क स्वास्थ्य शिविरः** दुर्गम क्षेत्रका बासिन्दाहरूलाई लक्षित गरी विशेषज्ञ डाक्टरहरूद्वारा स्वास्थ्य परीक्षण, उपचार तथा औषधि वितरण गरिनेछ ।

च. **अपिहिमाल बेसक्याम्प पदयात्रा प्रवर्द्धनः** पर्यटन व्यवसायी, पर्यटनसँग सम्बन्धित संघ संस्था, कन्टेन्ट क्रियटर, स्वदेशी तथा विदेशी पत्रकार लगायतको टोली सहित बेसक्याम्पको पदयात्रा गरी पर्यटन प्रवर्द्धन गर्ने ।

छ. **योग ध्यान सिवीरः** अपिहिमाल बेस क्याम्प पदमार्गदेखि बेसक्याम्पमा योग ध्यान सिवीरको आयोजना गरिने छ ।

ज. **अपि साहित्यिक यात्राः** अपिहिमालको मौलिकता झल्काउने गरी लेखिएका लेख चरनाहरुको बेस क्याम्पमा वाचन गरिनेछ ।

झ. **'हाम्रो अपि, सफा अपि' अभियानः** अपिहिमाल गाउँपालिकाको मकरीगाडदेखि बेस क्याम्प सम्म प्लास्टिक संकलन अभियान चलाईने छ । आँखाले देखेको प्लास्टीक संकलन गर्न सबैलाई प्रतिबद्धता गराईने छ । यसको साथै पदमार्गमा पर्ने आमा समुहहरुलाई यो अभियानमा सहभागी गराइनेछ । यसको नेतृत्व सामुदायिक ग्रामीण विकास समाज नेपाललाई दिइनेछ ।

६. लागत सहभागिता सुनिश्चितता

कार्यक्रमलाई प्रभावकारी आयोजना गर्न तथा आर्थिक श्रोत जुटाउनको लागि मुख्य प्रायोजक र सहप्रायोजकको व्यवस्था गरिनेछ । अपि उत्सवको मूल आयोजक समितिले यसको लागि प्रस्ताव माग गर्नेछ ।। मुख्य प्रायोजक र सहप्रायोजक सम्वन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

लोकेन्द्र बहादुर विष्ट
प्रमुख प्रशासकीय अधिकृत

क. मुख्य प्रायोजक (Title Sponsor) — रु. १००००० | ०० [रुपैया एक लाख]

कुनै पनि सरकारी एवं गैर सरकारी संघ संस्था तथा निजी संस्थाले आयोजकले माग गरे बमोजिमको शर्तमा रही मुख्य प्रायोजकको लागि प्रस्ताव दिन सक्नेछ । मुख्य प्रायोजकलाई देहाय बमोजिमको सुविधा उपलब्ध गराईनेछः-

- डिजिटल तथा प्रिन्ट ब्राण्डिङः कार्यक्रमको मुख्य मञ्च (Main Stage) को केन्द्रमा संस्थाको LOGO राखिने।
- उत्सवका सम्पूर्ण फ्लेक्स, ब्यानर, पोष्टर, प्रवेशद्वार तथा डिजिटल निमन्त्रणा कार्डमा मुख्य प्रायोजकको रूपमा प्राथमिकता दिईनेछ ।
- आयोजकको आधिकारिक सामाजिक सञ्जाल तथा मिडिया साझेदारमार्फत विशेष प्रचारप्रसार गरिनेछ ।
- स्टल सुविधाः उत्सवस्थलमा २ वटा विशेष निःशुल्क स्टल उपलब्ध गराइने (आफ्नो उत्पादन/सेवा प्रदर्शनका लागि)।
- सम्मान तथा मञ्चः शुभारम्भ तथा समापन समारोहमा संस्थाका प्रतिनिधिलाई विशेष अतिथिको रूपमा मञ्चमा स्थान र सम्मानपत्र प्रदान गरिनेछ ।
- विज्ञापन प्रसारणः उत्सव अवधिभर उद्घोषकद्वारा पटक-पटक धन्यवाद ज्ञापन र संस्थाको सेवा/उत्पादनबारे जानकारी।

ख. सह-प्रायोजक (Co-Sponsor) — रु. ५०००० | ००[रुपैया पचास हजार]

कुनै पनि सरकारी एवं गैर सरकारी संघ संस्था तथा निजी संस्थाले आयोजकले माग गरे बमोजिमको शर्तमा रही सह प्रायोजकको लागि प्रस्ताव दिन सक्नेछ । सह प्रायोजकलाई देहाय बमोजिमको सुविधा उपलब्ध गराईनेछः-

- प्रचार प्रसारमा स्थानः कार्यक्रमका प्रचार सामग्री (ब्यानर, फ्लेक्स, डिजिटल पोस्टर) मा सह-प्रायोजक (Co-Sponsor) को रूपमा LOGO समावेश गरिने।
- स्टल सुविधाः उत्सवस्थलमा १ वटा निःशुल्क स्टल उपलब्ध गराइने।
- मञ्च सम्मानः समापन समारोहमा मायाको चिनो र सम्मानपत्र प्रदान गरिने।
- विशेष मिडिया उपस्थितिः मिडिया कभरेजका क्रममा सह-प्रायोजकको रूपमा उल्लेख गरिने।

यसको साथै गाउँपालिकाले अन्य सहयोगी संस्थाहरुसँग सहयोगको लागि अनुरोध गर्नेछ । ति सहयोगी संस्थाहरुको कार्यक्रममा ब्यानर लोगो राखिने छ र अन्तमा मूल आयोजक समितिले प्रमाणपत्र प्रदान गर्नेछ।

७. कार्यक्रम कार्यान्वयन प्रकृया

अपि पर्यटन उत्सव कार्यक्रमलाई भव्य र सभ्य रुपले सम्पन्न गर्नको लागि देहाय बमोजिमको व्यवस्था गरिनेछः-

लोकेन्द्र बहादुर बिष्ट
प्रमुख प्रशासकीय अधिकृत

क. मूल आयोजक समिति गठनः यो उत्सव कार्यक्रमलाई सम्पन्न गर्नको लागि एउटा मूल आयोजक समिति गठन गरिने छ । मूल आयोजक समिति तपसिल बमोजिम हुनेछः-

तपसिलः

संयोजकः गाउँपालिका अध्यक्ष

सदस्यः गाउँपालिका उपाध्यक्ष

सदस्यः सबै वडा अध्यक्षहरु

सदस्य सचिवः प्रमुख प्रशासकीय अधिकृत

ख. मूल आयोजक समितिले आवश्यकता अनुसार अन्य उपसमितिहरु गठन गरी जिम्मेवारी बाँडफाँड गर्न सक्नेछ ।

ग. उप समितिहरुलाई कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्न विभिन्न जिम्मेवारी दिईनेछ ।

घ. प्रमुख प्रशासकीय अधिकृत मूल आयोजक समितिको सचिवालय प्रमुख हुनेछ।

ङ. सचिवालयको बैठक आवश्यकतानुसार जुनसुकै बेला बस्न सक्नेछ ।

च. उपसमितिले आफु अनुकुल समय मिलाएर आफ्नो बैठक आफै संचालन गर्न सक्नेछन् ।

छ. मूल आयोजक समितिले कार्यक्रमको विस्तृतीकरण र समयतालिका तयार पारि साझेदारीका लागि प्रस्ताव आह्वान गर्नेछ ।

ज. अपि पर्यटन उत्सवलाई भव्य रुपमा सम्पन्न गर्नको लागि मूल आयोजकले सरकारी एवं गैर सरकारी संघ-संस्था, विभिन्न दातृ निकाय र निजीक्षेत्रसँग समन्वय गर्नेछ ।

## ८. सम्पर्क र थप जानकारी

यस उत्सवलाई भव्य र सभ्य रूपमा सम्पन्न गर्न यहाँको सहयोग र सहकार्य हाम्रा लागि अत्यन्त मूल्यवान् हुनेछ। विस्तृत छलफल तथा सम्झौताका लागि निम्न ठेगानामा सम्पर्क गर्न हार्दिक अनुरोध गर्दछौं।

सम्पर्क विवरण:

अपिहिमाल गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय

खण्डेश्वरी, दार्चुला

गाउँपालिका अध्यक्ष श्री भक्त सिंह ठेकरे बोहराः ९८६८०१४५६७

उपाध्यक्ष श्री देवकी देवी बोहराः ९८६८९६१५६७

प्रमुख प्रशासकीय अधिकृत श्री लोकेन्द्र बहादुर बिष्टः ९८५८४९०५५४

इमेलः apihimaldarchula@gmail.com

लोकेन्द्र बहादुर बिष्ट

प्रमुख प्रशासकीय अधिकृत